## राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ को नतिजा सार्वजनिक सम्बन्धी

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा विश्व बाघ दिवसको अवसरमा जारी प्रेस बिज्ञप्ति

बाघलाई पारिस्थिकीय प्रणालीको छाता प्रजातिको रुपमा लिइन्छ र बाघ संरक्षणले उक्त क्षेत्रमा रहेको आहारा प्रजातिसँगै त्यसको समग्र भूपरिधिको संरक्षणलाई समेत जनाउँछ । विश्वमा बाघ पाइने तेह्र मुलुकहरु मध्ये नेपाल पनि एक हो । बाघको प्राकृतिक बासस्थान खण्डीकरण, आहारा प्रजातिमा कमी, चोरी शिकार र अन्य मानवीय क्रियाकलापका कारण संसारमा यसको संख्या क्रमश कम हुदै गैरहेकोमा सन् २०१० मा बाघ पाइने राष्ट्रहरुले बाघ सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गरी हरेक मुलुकले बाघ संरक्षणका लागि बिशेष पहल लिएर बाघको संख्यामा क्रमिक सुधार भएको छ ।

नेपालले बाघको संख्या, वितरण तथा बासस्थानको अवस्थाबारे वैज्ञानिक तथ्याङ्क संकलन तथा विश्लेषण गर्न राष्ट्रिय बाघ सर्वेक्षण सन् २००९ देखि हरेक चार-चार बर्षमा गर्दै आएको छ । यस बर्षको बाघको सर्वेक्षणका लागि नेपालका बाघ पाइने ५ वटा निकुञ्जहरु पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा एवं वरिपरीका वन क्षेत्रमा क्यामरा ट्र्यापको काम सन् २०२५ डिसेम्बर १६ (वि.सं. २०८२ साल पुस १) देखि सुरु भई २०२६ अप्रिल २३ (२०८३ साल वैशाख १०) गते सम्पन्न भएको थियो ।

राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ अन्तर्गत बाघको बासस्थानलाई ३ वटा कम्पलेक्समा (चितवन-पर्सा कम्पलेक्स, बाँकि-बर्दिया कम्पलेक्स र शुक्लाफाँटा-लालझाडी कम्पलेक्स) विभाजन गरिएको थियो। हरेक कम्पलेक्सलाई विभिन्न ब्लकभित्र २ कि.मि. लम्बाई र २ कि.मि. चौडाइका वर्गाकार ग्रिड बनाई हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामरा जडान गरी निरन्तररुपमा कम्तिमा दुई हप्तासम्म राखिएको थियो । सर्वेक्षणका क्रममा कूल ७,३९३ वर्ग कि.मि. क्षेत्रफलमा १,८४८ वटा ग्रिडमा कूल ३,६९६ वटा स्वचालित क्यामेरा प्रयोग गरिएको थियो । कुल ग्रिडहरु मध्ये ६३९ वटा ग्रिडमा बाघको तस्विर परेको थियो । यस सर्वेक्षणमा सबै स्टेशनमा राखिएको क्यामराहरुको कूल जम्मा दिन ३६,१८१ (camera-trap effort days) रहेको र क्यामेरा ट्र्यापबाट कूल ११,९११ वटा बाघका तस्बिरहरु प्राप्त भएका थिए ।

यसरी, राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ बाट प्राप्त बाघका तस्बिरहरूलाई तीनका शरीरका पाटाहरुको आधारमा बिश्लेषण गर्दा ३७३ वटा छुट्टाछुट्टै बाघको पहिचान गरिएको छ । क्यामरा ट्र्यापबाट पहिचान भएका बाघका आधारमा वन्यजन्तुको संख्या बिश्लेषण गर्ने वैज्ञानिक बिधि- Spatially Explicit Capture-Recapture (SECR) प्रयोग गरी प्राप्त नतिजा बमोजिम हाल नेपालमा बाघको संख्या पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवं वरिपरीका वन क्षेत्रमा क्रमश: ७१ वटा, १४५ वटा, ५१ वटा, ११२ वटा र ५० वटा गरी कूल अनुमानित संख्या ४२९ (४०२-५००) वटा बाघहरु रहेको पाईएको छ । बाघको घनत्व, occupancy र आहारा प्रजातिको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको थप विश्लेषण गरी पुर्ण प्रतिवेदन छिट्टै प्रकाशन हुनेछ ।

राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ बाट प्राप्त नतिजाले नेपालमा बाघ संरक्षणका क्षेत्रमा विगतदेखि सञ्चालन हुँदै आएका वासस्थान संरक्षण तथा व्यवस्थापन, चोरी सिकार नियन्त्रण, आहारा प्रजातिको संरक्षण, जैविक मार्ग संरक्षण जस्ता

प्रयासहरूको सकारात्मक परिणामलाई प्रतिबिम्बित गर्दछ। सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले बाघ तथा यसको बासस्थान संरक्षणसम्बन्धी आगामी नीति, योजना तथा कार्यक्रम निर्माणको लागि महत्वपूर्ण वैज्ञानिक आधार प्रदान गर्नेछ ।

आगामी दिनमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहसँगको समन्वय र स्थानीय समुदायको प्रत्यक्ष संलग्नता तथा संरक्षण साझेदार संस्थाहरुको समेत सहयोगमा मानव बाघ सहअस्तित्व, बाघ संरक्षण तथा बाघको आनीवानी सम्बन्धी सचेतना कार्यक्रम, समस्याग्रस्त बाघको समयमा पहिचान गरी नियन्त्रण, बाघमा आधारित पर्यापर्यटन जस्ता कार्यक्रममा केन्द्रित भै शुन्य मानविय क्षतिको अवधारणमा काम गर्ने सोच रहेको छ ।

यस विभागको नेतृत्वमा सम्पन्न राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ को तयारी र फिल्ड कार्यमा संलग्न राष्ट्रिय निकुञ्ज कार्यालय, डिभिजन वन कार्यालय, सुरक्षार्थ तैनाथ नेपाली सेनाका गण/गुल्म, हात्तीसार, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, वन उपभोक्ता समुहहरु लगायत तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने क्रममा संलग्न कर्मचारी, विज्ञ, अनुसन्धानकर्ता, विधार्थी, स्वयमसेवक र सहयोगी सबैलाई हार्दिक धन्यवाद छ । यो सर्वेक्षण कार्यमा मार्गदर्शन तथा समन्वय गर्ने तथा आर्थिक तथा प्राविधिक सहयोग पुर्याउने कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल, जेड एस एल नेपाल, क्यामरा उपलब्ध गराउने संघसंस्था लगायत सबै सरोकारवालाहरुको साथै सल्लाहकार समिति, प्राविधिक समिति र स्थलगत कार्यदलमा रहेर काम गर्ने सम्पुर्ण संस्था र पदाधिकारीहरुलाई विभाग हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछ ।

अन्त्यमा, बाघ र यसको बासस्थान संरक्षण र व्यवस्थापनमा संलग्न सम्पुर्ण समुदाय, संस्था, निकाय र महानुभावहरुमा विश्व बाघ दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

(बेदकुमार ढकाल)
उप-महानिर्देशक/प्रवक्ता

२०८३ श्रावण १३ गते बुधवार
नेपाल सम्वत् ११४६